**"FNCCI Cup National Volleyball Tournament" संचालन गर्ने सम्बन्धमा**

**नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको सहयोग एवं समन्वयमा**

**नेपाल उद्योग वाणिज्य महासंघ**

**र**

**नेपाल भलिबल संघबीच भएको**

**समझदारी पत्र**

नेपाल सरकार, खेलकुद मन्त्रालय(यसपछि यस लिखतमा मन्त्रालय भनी सम्बोधन गरिने छ)को सहयोगमा नेपाल उद्योग वाणिज्य महासंघ (यस पछि महासंघ भनी संबोधन गरिने छ) र नेपाल भलिबल संघ (यसपछि संघ भनी संबोधन गरिएको छ) का बीच मुलुकमा भलिबल खेलको विकास तथा प्रवर्धन गर्ने सम्बन्धमा संयुक्त छलफल हुँदा तपसिल बमोजिमका देहायका शर्त बन्देज/प्रतिबद्धताको अधीनमा रही नेपालमा भलिबलको विकास तथा प्रवर्द्धनको निमित्त ***FNCCI Cup National Volleyball Tournament***(यसपछि यस लिखतमा भलिबल प्रतियोगिता समेत भनी संबोधन गरिएको छ)स्थापना गरी महासंघको पूर्ण निगरानी एवं रेखदेखमा संचालन गर्ने कुरामा दुवै पक्ष मन्जुर भई आ-आफ्नो प्रतिबद्धता व्यक्त गर्नु भएकाले यो समझदारी पत्र तयार गरी/गराई आज मिति २०७४ माघ ७ गतेका दिन नेउवामहासंघको सचिवालय टेकुमा बसी सही छाप गरी एकएक प्रति आपसमा लियौं दियौं ।

**तपसिल**

१. **समझदारीको मुख्य उद्धेश्यहरु :**

(क) नेपाल उद्योग वाणिज्य महासंघको नेतृत्वमा ***FNCCI Cup National Volleyball Tournament*** शुरुवात गर्ने र यसलाई अन्तर्राष्ट्रियस्तरमा प्रचलित मापदण्ड अनुरुप हुने गरी स्तर अभिवृद्धि गर्दै एक राष्ट्रिय भलिबलप्रतियोगिताकोरुपमा नियमितरुपमा संचालन गर्ने ।

(ख) भलिबल खेललाई स्थानीय स्तरसम्म लोकप्रिय बनाई राष्ट्रिय खेलकोरुपमा विकास, प्रवर्धन एवं प्रसार प्रचार गर्ने ।

(ग) मुलुकभरका युवाहरुलाई भलिबल खेलकोसंजाल भित्र ल्याउने ।

(घ) भलिबल खेलमा व्यावसायिकताको विकास गर्ने ।

(ङ) भलिबल खेल मार्फत्‌विविधतायुक्त संस्कृति, भाषा र रहनसहन भएका समुदायहरुबीच सुमधुर सम्बन्ध विकास एवं एकताको भाव सिर्जना गर्ने ।

(च) सामाजिक जीवनको भिन्न र विशिष्ट क्षेत्रमा व्यावसायिक समुदायको प्रत्यक्ष योगदानलाई बृद्धि गरी व्यवसायिक समुदायको सामाजिक उत्तरदायित्वको भूमिकालाई अभिवृद्धि गर्ने ।

२. **केन्द्रीय प्रतियोगिता समन्वय एवं निर्देशन समिति** :

प्रतियोगितालाई सुव्यवस्थित र प्रभावकारीरुपमा संचालन गर्नका लागि देहाय बमोजिमकोपाँच सदस्यीयकेन्द्रीय प्रतियोगिता समन्वय तथा निर्देशन समिति गठन गरिने छ।

(क) श्री उमेश लाल श्रेष्ठ, उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ संयोजक

(ख) श्री मनोरञ्जन शर्मा, अध्यक्ष, नेपाल भलिबल संघ सदस्य

(ग) श्री प्रतिनिधि, खेलकुद तथा योजना महाशाखा, युवा तथा खेलकुद मन्त्रालय सदस्य

(घ) प्रतिनिधि, राष्ट्रिय खेलकुद परिषद् सदस्य

(ङ) नेपाल उद्योग वाणिज्य महासंघले तोकेको प्रतिनिधि सदस्य सचिव

**२.१समन्वय एवं निर्देशन समितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रतियोगितालाई सुव्यवस्थित र प्रभावकारीढंगले संचालन गर्नका लागि आवश्यक नीतिगत कार्यान्वयन गर्न व्यवस्था गर्ने ।

(ख) प्रतियोगितालाई प्रभावकारीरुपमा संचालन गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

(ग) प्रतियोगिता संचालनका लागि आवश्यक पर्ने रकम जुटाउन सम्बन्धित निकायहरुमा पहल गर्ने ।

(घ) प्रतियोगिता संचालनमा देखा परेका कमी कमजोरीहरुको मूल्याङ्कन, विश्लेषण गरी सुधारका लागि प्रतियोगिता व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

**२.३. समन्वयन एवं निर्देशन समितिको बैंठक :**

(क) संचालक समितिको बैंठक संयोजकले बोलाउने छ ।

(ख) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

(ग) बैठक संचालनको लागि ५० प्रतिशत समितिका सदस्य उपस्थित भएमा गणपुरक संख्या पूरा भएको मानिनेछ ।

**३. प्रतियोगिता व्यवस्थापन समिति :**

प्रतियोगिताको संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको पाँच सदस्यीय एक व्यवस्थापन समिति गठन गरिने छ ।

(क) श्री रविन कुमार श्रेष्ठ, कार्यकारिणी समिति सदस्य, नेपाल उद्योग वाणिज्य महासंघसंयोजक

(ख) श्री जितेन्द्र बहादुर चन्द, महासचिव, नेपाल भलिबल संघ सह-संयोजक

(ग) श्री प्रतिनिधि, खेलकुद प्रतियोगिता शाखा, युवा तथा खेलकुद मन्त्रालय सदस्य

(घ) प्रतिनिधि, नेपाल भलिबल संघ,प्रतियोगिता निर्देशक, सदस्य

(ङ) श्री सीता घिमिरे, नेपाल उद्योग वाणिज्य महासंघ सदस्य सचिव

**३.१ व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रतियोगिताको व्यवस्थापन तथा प्राविधिक पक्षको निगरानी र सुपरिवेक्षण गर्ने पूर्ण जिम्मेवारी व्यवस्थापन समितिको हुने छ ।

(ख) प्रतियोगिताको संचालन तथा व्यवस्थापनको लागि सम्बन्धित निकायसंग समन्वय गर्ने ।

(ग) प्रतियोगिताको व्यवस्थापनको लागि प्राविधिक सहयोग जुटाउने ।

(घ) प्रतियोगिताको व्यवस्थापन तथा प्राविधिक पक्षको सुधारको लागि आवश्कतानुसार व्यवस्थापन गर्ने निकायलाई सुझाव वा निर्देशन दिने ।

**३.२. व्यवस्थापन समितिको बैंठक :**

(क) व्यवस्थापन समितिको बैंठक संयोजकले बोलाउने छ ।

(ख) बैठकमा बहुमतको निर्णय मान्य हुने छ ।

(ग) बैठकमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैंठकको गणपुरक संख्या पुगको मानिनेछ ।

(घ) अन्य बैंठक संचालनसम्बन्धी कार्यविधि केन्द्रीय प्रतियोगिता समन्वय एवं निर्देशन समितिले तोके बमोजिम हुने छ ।

**४. प्रदेशस्तरीयव्यवस्थापन समिति :**

जिल्ला स्तरमा खेलाडी छनौट गरी प्रदेश स्तरीय टिम तयार गर्न प्रत्येक जिल्लामा निम्न वमोजिमको समिति गठन गरिने छ ।

(क) सम्बन्धित प्रदेश उद्योग वाणिज्य महासंघको अध्यक्ष संयोजक

(ख) प्रतिनिधि, नेपालभलिबल संघले तोकेको व्यक्ति सदस्य

(ग) प्रतिनिधि,प्रदेश खेलकुद विकास समितिले तोकेको व्यक्ति सदस्य

**४.१ प्रदेश स्तरीय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(क) प्रदेश स्तरीय टिम छनौटका लागि जिल्लास्तरमा खेलाडी छनौट गर्ने ।

(ख) सम्बन्धित जिल्ला/नगर उद्योग वाणिज्य संघहरुको संयोजकत्वमा तथा जिल्ला स्तरीय भलिबल संघको सहकार्यमा जिल्ला स्तरीय खेलाडी छनौट प्रतियोगिताको आयोजना र संचालन गर्ने ।

(ग) प्रतियोगिताको संचालन तथा व्यवस्थापनको लागि आ-आफ्नोप्रदेशभित्रका सम्बन्धित निकायसंग समन्वय गर्ने ।

(ग) स्थानीयस्तरका जिल्ला तथा नगर उद्योग वाणिज्य संघ, प्रदेश उद्योग वाणिज्य महासंघ, जिल्लामा अवस्थित भलिबल संघ, तथा खेलकुद समितिसमेतको संलग्नता रहने गरी जिल्ला तथा प्रदेशस्तरीय प्रतियोगिता व्यवस्थापन समिति गठन गर्ने र त्यसलाई क्रियाशील बनाउने ।

(घ) प्रतियोगिताको व्यवस्थापनको लागि प्राविधिक तथा अन्य सहयोग जुटाउने ।

**५. प्रतियोगिता संचालनको तरिका तथा ढाँचा :**

(क) प्रत्येक प्रदेशबाट छनौट भई आएका एक/एक महिला तथा पुरुष टिमलाई राष्ट्रिय प्रतियोगितामा सहभागि गराइने छ । त्यसरी प्रत्येक प्रदेशबाट राष्ट्रिय टिममा सहभागी हुने टिमको छनौट अन्तर जिल्ला भलिबल प्रतियोगिता मार्फत् गरिनेछ ।

(ख) जिल्लास्तरीय टिमको छनौट स्थानीय तहदेखि प्रतिस्पर्धा भई आएका टिमबाट हुनेछ ।

(ग) जिल्लास्तरीय टिम छनौट प्रतियोगिताको आयोजना र संचालन यो समझदारीको अधिनमा रही जिल्ला स्तरीय भलिबल संघ तथा जिल्ला/नगर उद्योग वाणिज्य संघहरुले गर्ने छन् ।

(घ) राष्ट्रियस्तरको प्रतियोगिताका लागि छनौट भएका टिमलाई तालिम तथा कोचिङको व्यवस्था गर्न सकिने छ ।

(ङ) स्थानीय तथा राष्ट्रिय दुवै स्तरका प्रतियोगिताहरुलाई स्थानीय तथा राष्ट्रियस्तरका टेलिभिजनहरु मार्फत् प्रत्यक्ष प्रसारण गरिने व्यवस्था मिलाइनेछ ।

(च) प्रायोजक तथा मिडिया दुवैलाई प्रतियोगिताको पार्टनरको रुपमा व्यवहार गरिनेछ ।

६ **नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको भूमिका र जिम्मेवारी :** प्रतियोगिताको सम्बन्धमा मन्त्रालयले देहायको जिम्मेवारी र भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

(क) प्रतियोगितालाई सहयोग पुर्‍याउनका लागि आफ्ना मातहतका विभाग, प्रदेशस्तरका र जिल्लास्तरीय कार्यालय तथा प्राविधिक निकायको परिचालन गर्ने ।

(ख) प्रतियोगिता सम्पन्न गर्न आवश्यक पर्ने आर्थिक श्रोततथा प्राविधिक सहयोग जुटाउने ।

(ग) प्रतियोगितासम्बन्धी कियाकलापको अनुगमन तथा निरीक्षण गर्ने।

(घ) महासंघबाट आयोजना हुने यस्ता प्रकृतिका प्रतियोगिता तथा क्रियाकलापमा सहयोग गर्ने ।

७. **नेपाल उद्योग वाणिज्य महासंघको भूमिका तथा जिम्मेवारी** : महासंघले प्रतियोगिता संचालन सम्बन्धमा देहायको प्रतिबद्धता व्यक्त गर्दछ ।

(१) प्रतियोगिता संचालन गर्ने उपयुक्त बातावरण सृजना गर्न साझेदार पक्षहरुसंग समन्वय तथा सहकार्य गर्ने छ ।

(२) प्रतियोगिताको निमित्त प्रायोजकहरुको व्यवस्था गर्ने पूर्ण जिम्मेवार महासंघको हुने छ ।

(३) महासंघले प्रतियोगिता सम्पन्न गर्नका लागि आफ्ना प्रदेश नेपाल उद्योग वाणिज्य महासंघ तथा जिल्ला तथा नगरस्तरीय उद्योग वाणिज्य संघहरुलाई परिचालन गर्ने छ ।

(४) महासंघले आवश्यक बजेटको प्रबन्ध गरी महासंघ र संघ बीच सम्पन्न सम्झौताको अधीनमा रही प्रतियोगिताको व्यवस्थापनको निमित्त आवश्यक रकम संघलाई उपलब्ध गराउने छ ।

(५) महासंघले प्रतियोगिताका लागि नेपाल सरकार वा मन्त्रालय वा प्रायोजक वा अन्य श्रोतबाट प्राप्त हुने रकमको लागि छुट्टै कोष स्थापना गर्ने छ ।

६) यस्तो कोषको सञ्चालनका लागि अलग्गै कार्यविधि बनाइ लागु गरिनेछ ।

**८. नेपाल भलिबल संघको भूमिका र जिम्मेवारी :**

संघले प्रतियोगिता सम्पन्न गर्न देहायको प्रतिवद्धता व्यक्त गर्दछ ।

(क) प्रतियोगिताको प्राविधिक तथा व्यवस्थापकीय जिम्मेवारी संघले लिनेछ ।

(ख) संघले महासंघ तथा अन्य साझेदारहरुसंग परामर्श र समन्वय गरी प्रतियोगिता सञ्चालन गर्नेछ

(ग) प्रतियोगिता सफलरुपमा संचालन गर्नको निमित्त आफ्नो जिल्ला तथा क्षेत्रीय वा प्रादेशिक संघहरुलाई परिचालन गर्ने छ ।

**९. आर्थिक व्यवस्थापन :**

(क) यस प्रतियोगिता सम्पन्न गर्नको निमित्त अनुसूचिमा उल्लेख भएबमोजिम करिब रु १,२०,००,०००।- (एक करोड बीस लाख) खर्च लाग्ने अनुमान छ । उक्त खर्चमध्ये नेपाल सरकारले उपलब्ध गराउने सहयोग बाहेकको अन्य श्रोत महासंघले व्यवस्था गर्नेछ ।

(ख) महासंघले आफूले बहन गर्न मन्जुर गरेको रकम प्रारम्भिक रुपमा प्रायोजक, टिकट बिक्री वा दाताहरु मार्फत व्यवस्था गर्ने छ ।

(ग) सरकारबाट औपचारिकरुपमा यस प्रतियोगिताका लागि बजेट विनियोजन नगर्दा/नहुँदासम्मका लागि आफूले बहन गर्न प्रतिवद्धता व्यक्त गरेको रकम अन्य कुनै श्रोत वा निकाय मार्फत उपलब्ध गराउने छ ।

(घ) महासंघले प्रतियोगिता प्रयोजनार्थ छुट्टै कोष तथा बैंक खाता खोली संचालनमा ल्याउने छ ।

**१०. समझदारीको कार्यान्वयन :**

क) यो समझदारीको अवधि तीन वर्षको हुनेछ । तीन वर्षपछि तीनै पक्षको समझदारीमा यसको नवीकरण गरिनेछ ।

ख) यो समझदारीमा दुवै पक्षका प्रतिनिधिले हस्ताक्षर भएपछि लागू हुने छ र यसलाई प्रभावकारीढंगबाट कार्यान्वयनमा ल्याउन यसका पक्षहरु सदा तत्पर, जिम्मेवार र पूर्ण प्रतिवद्ध रहने छन् ।

| नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट | नेपाल भलिबल संघको तर्फबाट |
|---|---|
| छाप :<br>हस्ताक्षर :<br>नाम : उमेश लाल श्रेष्ठ<br>पद : उपाध्यक्ष<br>मिति : | छाप :<br>हस्ताक्षर :<br>नाम : मनोरञ्जन रमण शर्मा<br>पद : अध्यक्ष<br>मिति : |

**नेपाल सरकार, युवा तथाखेलकुद मन्त्रालयको तर्फबाट**

**साक्षीहरु :**

१.

२.

**राष्ट्रिय खेलकुद परिषद्को तर्फबाट**

**साक्षीहरु**

१.

२.